# ३२

# राष्ट्रिय निकुञ्ज र बोटे, माझी, मुसहर

नवलपरासी जिल्लाको नारायणी नदी किनारमा बसोबास गर्दै आइरहेका ४०० भन्दा बढी बोटे, माझी मुसहर परिवारलाई त्यस समाजको आर्थिक, सामाजिक परिपाटी, खासगरी सरकारको संरक्षण नीति र यसअन्तर्गतको शाही चितवन राष्ट्रिय निकुञ्जको व्यवहारले अत्यन्त अप्ठेरोमा पारेको छ। परापूर्वकालदेखि डुङ्गा चलाउने, माछा मार्ने र जङ्गली कन्दमूल सङ्कलन गर्ने संस्कृतिमा हुर्केको त्यस जातिको जीविकाको मूल आधार नै यहाँका नारायणी र राप्ती नदी तथा त्यस वरपरका जङ्गल हुन्। नदी र जङ्गलमै अभ्यस्त त्यस समाजको चलनमा कृषि प्रणाली थिएन। फलस्वरूप त्यस समाजले जमिनको सङ्ग्रह पनि कमै गऱ्यो।

हाल आएर शाही चितवन राष्ट्रिय निकुञ्ज र यसका संरक्षणसम्बन्धी तौर-तरिकाहरूले त्यस समाजलाई माछा मार्न र जङ्गलबाट कन्दमूल ल्याई जीवनयापन गर्नमा तगारो हालेको छ। संरक्षण गर्ने नाउँमा परम्परागत रूपमा यिनै स्रोतमा आश्रित त्यस समुदायको जीविकाको विकल्पहरूलाई समेत ख्याल नगरी एकोहोरो रूपमा माछा मार्न समेत प्रतिबन्ध लाउने कामले त्यस समाजलाई ज्यादै अन्यायमा पारिएको छ। परम्परादेखि गर्दै आएका कामहरू छोड्न बाध्य भएपछि कृषि मजदुरीमा लाग्नु पर्ने, रोजी रोटीको लागि विदेशिनु पर्ने, आफ्ना बालबच्चालाई सानै उमेरदेखि अरूको घरमा कामका लागि राख्नु पर्ने, चेलीबेटी बेचबिखन जस्ता थुप्रै पीडा र अपमानहरू त्यस समुदायलाई थपिएको छ। हालै कार्यान्वयन भएको मध्यवर्ती क्षेत्र व्यवस्थापन कार्यक्रमले पनि बोटे, माझीलगायत निकुञ्ज प्रभावित अन्य समुदायको वास्तविक मर्मलाई बुझ्न सकेको छैन।

बहुदलीय व्यवस्थाको स्थापनापछि पालैपालो सुकुमबासी आयोगहरू बने तर आयोगहरूले बोटे, माझीका बस्ती देख्न सकेनन्। यी जातिहरूलाई अचम्म लागेको छ, ती आयोगहरू कहाँ के काम गर्दा हुन् ? के का लागि बनाइएका होलान् ? लालपूर्जा नभएकोले वर्षौंदेखि बस्दै आएको आफ्नो झुप्रो पनि अरूका नजरमा गौचरन

*युवा जागरण पर्यावरणीय मञ्च*, चैत/वैशाख २०५४/५५, पृ. ८ मा प्रकाशित।

भएको छ र बेला बेलामा भतुवाको रूपमा आत्मग्लानि सहनु परेको छ । यसरी समाजको दोहोरो तेहोरो शोषणमा बाँचेका यी जातिहरूलाई सरकारी स्रोतबाट उपलब्ध हुने सेवा सुविधाहरूबाट पनि वञ्चित गरिएको छ ।

राष्ट्रिय निकुञ्जको संरक्षण गर्ने कुरामा ती समुदायको विमति होइन । यही जङ्गल र यिनै नदीनालामा आश्रित समुदायहरूले आफ्ना आधारभूत स्रोतको विनाश किन चाहन्थो ? बरु निकुञ्जको जैविक विविधतामा नकारात्मक असर पार्ने गण्डक बाँध, भृकुटी कागज, बढ्दो पर्यटन, चोरी शिकारीहरूको गिरोह, शहरी ढल आदिबारे पनि सोच्नु पर्ने हो कि, भन्ने यस समुदायको भनाइ रहेको छ । धनी हुने होडमा, नाफाका लागि स्रोतहरू विनाश भइरहेकोमा मौन बस्ने तर जीविकोपार्जनका लागि स्रोतहरूको प्रयोग गर्नचाहिँ वञ्चित गर्ने, यो कस्तो संरक्षण नीति हो ? यस्तो अन्यायपूर्ण संरक्षण नीतिबारे पुनर्विचार गर्नुपर्छ कि ? यस्ता संवेदनशील कुराहरूमा सचेत भई बाँच्ने अधिकारको पक्षमा साथ सहयोग र सद्भाव राखिदिन सबैलाई माझी, मुसहर, बोटे कल्याण सेवा समितिका अध्यक्ष जीतबहादुर मुसहरले अनुरोध गर्नुभयो । पत्रकार सम्मेलनअगाडि रजहर गाउँ विकास समिति वडा नम्बर ३ स्थित पिप्रहर माझी बस्ती र अध्यौली गाविस वडा नम्बर ५ स्थित मुसहर र माझी बस्तीको वास्तविक अवस्था अवलोकन गराउन *पर्यावरणीय मञ्च*का प्रमुख सल्लाहकार डा. डीबी सिंह र प्रधान सम्पादक अष्टमान किसी महर्जन लगायत १० जना पत्रकारहरूलाई गाउँ र बस्तीहरू भ्रमणमा लगिएको थियो र तत्पश्चात् पत्रकार सम्मेलन गरी वास्तविक अवस्थाबारे जानकारी दिइएको थियो ।

२०२९ सालमा राष्ट्रिय निकुञ्ज बनाइसकेपछि २०४९ सालमा बोटे, माझी र मुसहर जातिले आफ्नो जीविका चलाउनको लागि परापूर्वकालदेखि चलाउँदै आएको माछा मार्ने पेशामा बाधा अड्चन दिई माछा मार्ने जाल खोसेर लगेपछि त्यस पेशामा लागेका १० गाउँ विकास समितिका लगभग ४०० जना मिली सो समिति खोलेको कुरा अध्यक्ष मुसहरले जानकारी दिनुभयो ।

श्री ५ को सरकारले ती जातिहरूको उत्थानको लागि हालसम्म कुनै ठोस योजना बनाएको छैन । राष्ट्रिय निकुञ्जमा जे जस्तो घटना घटेमा पनि प्रमुख दोषी यी जातिहरूलाई नै मान्ने र दुःख दिने काम सम्बन्धित पक्षले गर्दै आएको छ ।

पिठौली गाविसका अध्यक्ष लोकनाथ काफ्लेले राष्ट्रिय निकुञ्जमा भएका वन्यजन्तुले ११ गाविसका जनताहरूलाई त्रसित बनाएको बताउनु भयो । उहाँले भन्नुभयो, “निकुञ्जका सम्बन्धित पक्षहरूले वन्यजन्तुको उचित हेरचाह गर्न सकेको छैन जसले गर्दा ११ गाउँका जनताले दुःख पाइरहेका छन् ।”

निकुञ्जले ती जातिहरूलाई माछा मार्नका लागि ५ महिनाको इजाजत पत्र दिने गरे तापनि बेला बेलामा प्रहरीले माछा समेत खोसेर लाने, डुङ्गा प्रहरीको निगरानीमा हुने भएकाले बेला बेलामा माछा नदिएको खण्डमा प्रहरीले डुङ्गा नदिई दुःख दिइरहेको छ । यसरी यी जातिहरूलाई सबैतिरबाट शोषण भैरहेको छ । यसबारे सरकारको ध्यान यथाशीघ्र जानुपर्ने आवश्यकता छ । ♦